## दशौं अधिवेशन अवधिमा सभाबाट सम्पादन गरिएका मुख्य-मुख्य काम कारवाहीको संक्षिप्त विवरण

संघीय संसद, राष्ट्रिय सभाको दशौं अधिवेशनको पहिलो बैठक मिति २०७८ साल भदौ २३ गते बुधवार अपरान्ह ४:०० बजे प्रारम्भ भई २०७८ साल कार्तिक १२ गते शुक्रवारसम्म जम्मा ५२ दिन चालू रह्यो। यस अवधिमा बैठक बसेका १० दिनहरूमा १३ वटा बैठक बसी जम्मा ३ घण्टा ३७ मिनेट सभाको काममा व्यतीत भयो।

यस अधिवेशनमा सभाबाट देहाय बमोजिमका विधेयकहरू पारित भएका छन् :

१. लोकसेवा आयोग विधेयक, २०७८
२. विनियोजन विधेयक, २०७८
३. आर्थिक विधेयक, २०७८
४. राष्ट्र ऋण उठाउने विधेयक, २०७८

यसै अधिवेशनमा राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८ सभा समक्ष पेश गरियो।

त्यसैगरी यसै अधिवेशनमा महालेखापरीक्षकको अन्ठाउन्नौं वार्षिक प्रतिवेदन, २०७८ सभा समक्ष पेश गरियो ।

यसै अधिवेशनमा खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७, अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७, सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ र सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ का सम्बन्धमा दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइएका छन्।

यस अधिवेशनमा संविधान सभा सदस्यत्रय जुठबहादुर खड्गी (जे.बी. टुहुरे), महेन्द्र शेरचन र मानबहादुर महतो र राष्ट्रिय सभाका पूर्व सदस्य रुक्म शम्शेर ज.ब.रा. को निधन भएकोमा शोक प्रस्तावहरू पारित गरिएका थिए।

***

# राष्ट्रिय सभाले पारित गरी प्रतिनिधि सभामा पठाइएका विधेयकहरूको विवरण

**अद्यावधिक मिति : २०७८/०७/११ गते**

| क्र.सं. | विधेयकको नाम | प्रतिनिधि सभामा सन्देश गएको मिति |
|---|---|---|
| १ | ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक | २०७५/११/२६ |
| २ | नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७६ | २०७६/०९/१४ |
| ३ | नेपाल मिडिया काउन्सिल विधेयक, २०७५ | २०७६/१०/२३ |
| ४ | काठमाडौं उपत्यका सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ | २०७६/१२/०२ |
| ५ | नेपाल विशेष सेवा प्राधिकरण विधेयक, २०७६ | २०७७/०२/०७ |
| ६ | नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६ | २०७७/०२/१३ |
| ७ | नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६ | २०७८/०४/१८ |
| ८ | नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७६ | २०७८/०४/१८ |
| ९ | योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६ | २०७८/०४/२० |
| १० | तथ्यांक विधेयक, २०७६ | २०७८/०४/२० |
| ११ | स्टयाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७६ | २०७८/०४/२६ |
| १२ | रेल्वे विधेयक, २०७६ | २०७८/०४/२७ |
| १३ | प्रत्यायन (एक्रिडिटेशन) विधेयक, २०७६ | २०७८/०४/२७ |